# बर्दघाट नगरपालिका

## बर्दघाट नगरकार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०७५/०३/०१

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १० अनुसार बर्दघाट नगरपालिकाको तपशिलमा लाग्ने साप्ताहिक हाटबजार तथा पाडा बजार र बसपार्कमा पार्किङ्ग शुल्क असूली गर्न आ.ब. २०७५/०७६ मा (२०७५ साल श्रावण १ गतेदेखि २०७६ साल आषाढ मसान्त सम्म) वर्ष १ (एक) को लागि ठेक्का पट्टाको बन्दोबस्त गर्नु परेकोले नगर सभाले निर्धारण गरेको दररेटको आधारमा उठाउने गरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | आय ठेक्काको नाम | न्यूनतम अंक रु. |
|---|---|---|
| १. | आईतबारे साप्ताहिक हाटबजार बर्दघाट-९, भुताहा | २८०५००/- |
| २. | शुक्रबारे साप्ताहिक हाटबजार बर्दघाट-४, बर्दघाट | ५०५०००/- |
| ३. | आईतबारे हाटबजार, बर्दघाट- १४, दाउन्नेदेवी | १८००००/- |
| ४. | मंगलबार पाडा बजार, बर्दघाट - १४, दाउन्नेदेवी | ४९५०००/- |
| ५. | बुधबार हाटबजार, बर्दघाट- १५, दाउन्नेदेवी | ८००००/- |
| ६. | भटौलिया हाटबजार, शनिबार र बुधबार, बर्दघाट-१२, | २९००००/- |
| ७. | सोमबारे साप्ताहिक हाटबजार, माकर बर्दघाट-१, | ७५०००/- |
| | **बर्दघाट बसपार्क** | |
| १ | पार्किङ्ग शुल्क (बसपार्क) | ६७००००/- |

**शर्तहरु :**

१. टेण्डर फाराम रु. ५००/- (फिर्ता नहुने गरी) तिरी नगरपालिका कार्यालयबाट उपलब्ध हुनेछ।

२. ठेक्काको कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझ्नेगरी उल्लेख गर्नु पर्नेछ। अंक केरमेट भए अक्षरलाई मान्यता दिईनेछ।

३) आफूले भरेको टेण्डर रकमको धरौटी स्वदेशि भए ५% र विदेशि भए १०% का दरले हुने रकम नगरपालिकाको एन.आइ.सी. एसीया बर्दघाट शाखामा रहेको ध.हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको बैंक दाखिला भौचर वा टेण्डरभित्र राखि नगदै टेण्डर फाराम साथ दाखिला गर्नु पर्ने छ।

४) टेण्डर फाराम सूचना प्रकाशित भएको मितिले २१ औं दिन दिनको ५:०० बजेसम्म खरिद गरी २२ औं दिन दिनको १२:०० बजेभित्र यस नगरपालिकाको कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ।

५) पेश भएका टेण्डर फारमहरु १६ औं दिन दिनको २:०० बजे टेण्डरदाता वा निजको प्रतिनिधि एवं कार्यालयको रोहवरमा खोलीनेछ। प्रतिनिधी उपस्थित नभएतापनि टेण्डर खोल्न बाधा पर्ने छैन।

६) टेण्डर स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७) टेण्डर स्विकृत भएपछि कुनै किसिमको फेरबदल तथा मिनाहा छुट हुने छैन।

८) टेण्डर स्वीकृत भएपश्चात रकम एकमुष्ट जम्मा गर्नु पर्नेछ। एकमुष्ट नगदै जम्मा गर्नेलाई १०% छुट दिईने छ

९) टेण्डर सकार गरेको मितिले सात (७) दिनभित्र पट्टा लिई सक्नु पर्ने छ। यदि सात दिनभित्र पट्टा नउठाएमा धरौटि रकम जफत गरि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ

१०) बैठकि कर असूलि दररेट बर्दघाट नगर कार्यपालिकाको कार्यालयमा पाईने छ।

११) तोकिएको दररेट भन्दा बढि असूल गर्न पाईने छैन।

१२) टेण्डरदाता व्यक्ति भए नेपाली नागरिकता प्रमाणपत्र तथा संस्था भए संस्था नविकरण गरेको प्रमाण पत्र वा विदेशी भए गैरआवासिय प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१३) यस नगरपालिकामा गत विगतका आय ठेक्कामा बक्यौता भएका ठेकेदारहरुले बक्यौता रकम नतिरेसम्म ठेक्कामा भाग लिन पाउने छैनन्।

१४) साप्ताहिक हाटबजारको हकमा बजार सरसफाई एवं अन्य प्रबन्ध ठेकेदार स्वयमले गर्नुपर्नेछ।

१५) कुनैपनि कारणले हाटबजारको स्थान स्थानान्तरण भएको खण्डमा ठेकेदार पूर्ण रुपमा मञ्जुर हुनु पर्नेछ।

१६) अन्य जानकारिको लागि नगरपालिकाको कार्यालय वा फोन नं.०७८-५८०२१० मा सम्पर्क राख्नु होला

**प्रमुख प्रशासकीय अधिकृत**